मिति २०७७ असाढ १६ गते ट्रान्पेरेन्सि इन्टरनेशनल तथा नगरपालिकाको सैयुक्तसमिति विपद व्यवस्थापनमा सदाचार तथा प्रतिवद्धता अनुगमन समितिको बैठकका प्रस्ताव तथा निर्णयहरु निम्नअनुसार रहेको व्यहोरा अनुरोध छ ।

१ पुनर्निर्माण प्रगति सम्बन्धमा

२ कोभिड -१९ व्यवस्थापन सम्वन्धमा

३ कोभिड -१९ सम्वन्धी विपद व्यवस्थापनमा सदाचार प्रतिवद्धता सम्वन्धमा

निर्णय १

भुकम्प पछिको पुर्ननिर्माण (२०७७ असार १५ सम्मको )तपशिल अनुसारको रहेको जानकारी पाइयो ।

- भुकम्प पछि यस नगरपालिकामा जम्मा लाभग्राही संख्या ५९०७
- भुकम्प पछि यस नगरपालिकामा जम्मा लाभग्राही संख्या -५०५९ (रु ५०,०००।प्राप्त गर्ने)
- दोस्रो किस्ता भुक्तिानीका लागि निवेदन दिने लाभग्राही संख्या - २४२१
- दोस्रो किस्ता भुक्तानीका लाग प्रमाणिकरण गरिएको लाभग्राही संख्या -२२३१ (थप रु १५०,०००।प्राप्त गर्ने)
- दोस्रो किस्ताको लागि चेक जांचको क्रममा पास नभएको- ९५
- तेस्रो किस्ता भुक्तानीका लागि निवेदन दिने- २५१६
- तेस्रो किस्ता भुक्तानीका लागि प्रमाणिकरण गरिएको लाभग्राही संख्या -१८५५ पासभएको (थप रु १००,०००। प्राप्त गर्ने)
- तेस्रो किस्ताको लागि चेक जाचंको क्रममा (पास नभएको सुधार गरेपछि मा पास हुने -१९०

निर्णय २

कोभिड -१९ व्यवस्थापन सम्वन्धमा :नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय विपद व्यवस्थापन समितिमा नगरका ६ वटा विषयगत समितिका संयोजकहरु तथा नगरपालिका कार्यक्षेत्र रहेका ४ वटै सुरक्षा निकायका प्रमुखहरु संचारकर्मीको संयुक्त वैठकवाट कोभिड - १९ को संक्रमण रोकथाम नियन्त्रण उपचार र राहत सम्वन्धमा नेपाल सरकारको हरेक निर्णयलाई अनुसरण गर्दै हाम्रो नगरपालिकाको भौगोलिक अवस्थिति समेतलाई समेटेर निर्णय हुने गरेको ।

नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय कोभिड -१९ टिम ४७ सदस्य (जसमा कार्यपालिका सदस्यहरु र वडा समितिसदस्यहरु, १३ स्वास्थ्य संस्थाका प्रमुखहरुको समेत गरि)गठनं भएको र सोको निर्णय बमोजिम वडा स्तरीय कोभिड-१९ समिति मार्फत राहत व्यवस्थापन ,स्वास्थ्य व्यवस्थापन गरिएको ।

नगर प्रमुख ,उपप्रमुख ,प्रमुख प्रशासकीय अधिकृत ,नगरप्रवक्ताको संरक्षकत्व तथा डा. मिलन वम्जनको संयोजकत्व (प्राथमिक अस्पताल थानकोट प्रमुख) र नगरको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव रहने गरी RRT TEAM गठन भएको सो टिमले कोभिड-१९ को संकमण रोकथाम ,नियन्त्रण र उपचारमा स्वास्थ्य क्षेत्रमा गर्नुपर्ने सम्पुर्ण कार्यजिम्मेवारी तोकिएको । नगरस्तीय विपद व्यवस्थापन समिति तथा नगरको वातावरण तथा विपद व्यवस्थापन समितिवाट प्रत्येक वडा तथा टोलमा गइ हरेक क्रियाकलापको अनुगमन हुने गरेको ।

वडा समिति मार्फत वास्तविक मजदुरलाई मेस संचालन गरी खाना खुवाउने व्यवस्था गरीएको । त्यसमा संघ संस्थाले वितरण गर्दा नगरपालिकावाट अनुमति तथा वडाको समन्वयमा गर्नुपर्ने व्यवस्था गरीएको ।

विदेशवाट आउनेको लगत संकलन तथा PCR टेष्टको व्यवस्था गरीएको । साथै उपत्यका वाहिर जान चाहनलाई सहजीकरण तथा सुविधा गरिएको ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत

नगरपालिका तथा सवै वडा कार्यालय र नगर अन्तरगतका १३ वटा स्वास्थ्य संस्थाहरुबाट लकडाउन अवधिमा सार्वजनिक दिनमा समेत कोभिड -१९ संक्रमण रोकथाम नियन्त्रण र उपचारमा सेवा संचालन गरीएको ।

नगरको सामाजिक विकास समितिका संयोजकको संयोजकत्व तथा अन्य ५ वटा समितिका संयोजकहरु र प्रशासन, विपद ,जिन्सी ,स्वास्थ्यका शाखा प्रमुख सदस्य रहने गरि ११ सदस्य नगरस्तरीय क्वारेन्टिन व्यवस्थापन समिति गठन गरी क्वारेन्टिन व्यवस्थापनको जिम्मा लगाइएको । त्यसै गरी वडा स्तरीय क्वारेन्टिन व्यवस्थापनमा वडास्तरी कोभिड -१९ समितिले नै कार्य गर्दै गरेको ।

मुख्य रुपमा १३ संस्थामा ज्वरो क्लिनीक,नागढुंगामा हेल्थडेक्स,ट्रसेनिङमा परेकाहरुको RDT/ PCR टेष्ट, नागढुगां नाकामा नगरपालिकाको संचालन तथा व्यवस्थापन र सुन्दर यातायात प्रा.लिको निर्माण सहयोगमा भेइकल डिसइन्फेक्टिङ गरिएको तथा नगरको हरेक टोलमा डिसइन्फेक्टिङ स्प्रे र हातधुने ट्यांकीको व्यवस्थाका साथै जनचेतना मुलक कार्यक्रम गरिएको ,स्वास्थ्यकर्मीृ, सुरक्षाकर्मी ,एम्वुलेन्स चालक संचारकर्मीलाई पीपीइ, माक्स, सेनिटाइजर,पंजा वितरण ,नगरका फ्रन्टलाइनमा खटिने सम्पुर्ण जनप्रतिनिधि,कर्मचारी, स्वास्थ्यकर्मी नगर भित्रका एम्वुलेन्स चालकहरुको १० लाख वरावरको कोरोना/स्वास्थ्य विमा गरिएको ।

**निर्णय ३**

कोभिड -१९ सम्वन्धी विपद व्यवस्थापनमा सदाचार प्रतिवद्धता सम्वन्धमा निम्न अनुसारको जानकारी प्राप्त भयो ।

१. कोभिड -१९ सम्वन्धीत समितिको पुर्ण सहभागिता मुलक निर्णयबाट कार्यक्रम तय हुने व्यवस्था मिलाएको ।

२. नेपाल सरकारको राहत मापदण्डलाई अनुशरण गरि एकद्धार प्रणाली मार्फत (वडा व्यवस्थापन समितिबाट )राहत वितरण र प्रत्येक दिनको प्रगती जिल्ला प्रशासन कार्यालय,संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,संघिय CCMC मा इमेलमार्फत पठाउने र नगरको वेवसाइटमा राख्ने व्यवस्था गरिएको ।

३. सहयोगी संस्थाहरुले गरेको जिन्सी सहयोग स्वास्थ्य संस्थाहरु,वडा कार्यालय ,प्रहरी ,एम्वुलेन्स चालक ,पत्रकार लगायतलाई वितरण गरिएको र नगद राहत सहयोग नगद नगरस्तरीय विपद व्यवस्थापन कोषमा राख्ने व्यवस्था गरिएको र सोको जानकारी नगरको आधिकारिक सामाजिक संजालमा समेत राख्ने व्यवस्था गरिएको ।

४. कोभिड -१९ को संक्रमण रोकथाम नियन्त्रण र उपचारको लागि विभिन्न शिर्षकवाट विपदकोषमा रकम रकमान्तर गरी सो रकम नगर कार्यपालिकाको निर्णय बमोजिम मात्र खर्च लेख्ने व्यवस्था मिलाइएको ।

समय समयमा स्थानिय अनलाइन, टि भि तथा पत्रिका मार्फत कार्यप्रगती सार्वजनिकीकरण गर्ने व्यवस्था भएको ।

**निर्णय ४:** कोभिड-१९ सम्वन्धी सदाचार प्रतिवद्धता पत्रमा २०७७ साउनको पहिलो हप्ता टिआई नेपाल र नगरपालिका विच हस्ताक्षर गर्ने निर्णय गरियो ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत